विद्यालय लेखापरीक्षण छनोट समिति

स्थान: मंगलसेन नगरपालिका

मिति: २०८३ साल साउन २६ गते

आज मिति २०८३ साल साउन २६ गते यस मंगलसेन नगरपालिकाको विद्यालय लेखापरीक्षण कार्यविधि, २०८० को परिच्छेद– ३ को दफा (६) बमोजिम गठित विद्यालय लेखापरीक्षण छनोट समिति का संयोजक श्री विष्णुप्रसाद ढुंगाना (प्रमुख प्रशासकीय अधिकृत) को अध्यक्षतामा बसेको बैठकले देहाय बमोजिमका निर्णयहरू पारित गरियो।

तपसिल

१. विष्णुप्रसाद ढुंगाना - प्रमुख प्रशासकीय अधिकृत संयोजक

२. विष्णु प्रसाद उपाध्याय- लेखा अधिकृत सदस्य

३. सालीमान साउँद - अ.ले.प.अधिकृत सदस्य

४. दिपक बहादुर भण्डारी- अधिकृत( शिक्षा) सदस्य सचिव

प्रस्तावहरु

१. लेखापरीक्षण फर्महरुको स्वीकृत सम्बन्धमा।

२. शैक्षिक संस्थाहरुको अन्तिम लेखापरीक्षण बाँडफाँड सम्बन्धमा ।

३. अन्तिम लेखापरीक्षण सम्बन्धमा ।

निर्णय नं. १

मंगलसेन नगरपालिकाबाट मिति २०८३ सालअसार २४ गते प्रकाशित सूचना बमोजिम प्राप्त आवेदनहरूको मूल्याङ्कन तथा विद्यालय लेखापरीक्षण कार्यविधि, २०८० बमोजिम आवश्यक प्रक्रिया पूरा गरेका लेखापरीक्षण फर्महरूलाई आर्थिक वर्ष २०८२/८३ का लागि यस नगरपालिका अन्तर्गत रहेका ३९ वटा सामुदायिक विद्यालय, ५ वटा समुदायमा आधारित बालविकास केन्द्र तथा ५ वटा सामुदायिक

सिकाइ केन्द्रको अन्तिम लेखापरीक्षण कार्य सञ्चालन गर्न स्वीकृति प्रदान गर्ने निर्णय गरियो। स्वीकृत फर्महरूको विवरण तपसिल बमोजिम रहेको छ।

शैक्षिक संस्थाहरुको लेखापरीक्षण लागी स्विकृत लेखापरीक्षक र फर्महरुको नामावली

| क्र.स. | लेखापरीक्षण फर्मको नाम | ठेगाना | लेखापरीक्षक | फोन न. | दर्ता मिति |
|---|---|---|---|---|---|
| १ | वि साउँद एण्ड कम्पनि | मङ्गलसेन, अछाम | भरत साउँद | ९८४८६७८१६६ | २०८३।४।१ |
| २ | जि.जि.एण्ड कम्पनि | धनगढी, कैलाली | गोविन्दराज जोशी | ९७६९००६१०६ | २०८३।४।१ |
| ३ | माधव प्रसाद शर्मा एण्ड एसोसियट्स | कोटेश्वर काठमाण्डौं | माधव प्रसाद शर्मा | ९८६८८२६७४७ | २०८३।४।४ |
| ४ | वि.रावल एण्ड एसोसियट्स | कैलाली | भरत बहादुर रावल | ९८६४६२१४२२ | २०८३।४।१ |
| ५ | एसपि ढुंगाना एण्ड एसोसियट्स | मङ्गलसेन, अछाम | शरद प्रसाद ढुंगाना | ९८४८४५११८६ | २०८३।४।५ |
| ६ | एन तिमिल्सेन एण्ड एसोसियट्स | धनगढी, कैलाली | नृपराज तिमिल्सेना | ९८५८४२०९४३ | २०८३।४।५ |
| ७ | वि.डी भट्ट एण्ड कम्पनि | धनगढी, कैलाली | विष्णुदत्त भट्ट | ९८००६९५९५१ | २०८३।४।१ |
| ८ | एन.के.प्रधान एण्ड एसोसियट्स | धनगढी, कैलाली | नन्द कुमार प्रधान | ९८५१२४९२३३ | २०८३।४।१ |

निर्णय नं. २

आर्थिक वर्ष २०८२/८३ को अन्तिम लेखापरीक्षण कार्यका लागि स्वीकृत लेखापरीक्षण फर्महरूलाई विद्यालय तथा अन्य शैक्षिक संस्थाहरू देहायका मापदण्डका आधारमा बाँडफाँड गर्ने निर्णय गरियो:

- प्रत्येक स्वीकृत लेखापरीक्षण फर्मलाई कम्तीमा एक वटा माध्यमिक विद्यालय प्रदान गर्ने।
- प्रत्येक स्वीकृत लेखापरीक्षण फर्मलाई तोकिएको संख्यामा आधारभूत विद्यालय बाँडफाँड गर्ने।
- प्रत्येक स्वीकृत लेखापरीक्षण फर्मलाई तोकिएको संख्यामा समुदायमा आधारित बालविकास केन्द्र तथा सामुदायिक सिकाइ केन्द्र बाँडफाँड गर्ने।
- विगत दुई आर्थिक वर्षमा कुनै फर्मले लेखापरीक्षण गरेको विद्यालयमा सोही फर्मलाई पुनः लेखापरीक्षणका लागि नतोक्ने व्यवस्था लागू गर्ने।
- लेखापरीक्षण गर्ने फर्महरुलाइ कम्तिमा समान पारिश्रमिक पर्ने गरि बाँडफाँड गर्ने
- विद्यालय तथा अन्य शैक्षिक संस्थाको बाँडफाँट विवरण तपसिल बमोजिम रहेको छ।

मिति २०८३।४।२६ गते लेखापरीक्षण [illegible]

# मंगलसेन नगरपालिका अछाम

## आ.व. २०८२/८३ को विद्यालय, बालविकास केन्द्र र सामुदायिक सिकाई केन्द्रहरुको लेखापरिक्षणका लागी तोकिएका लेखापरिक्षणहरुको नामावली

| वि साउँद एण्ड कम्पनि मङ्गलसेन, अछाम | | | एसपि ढुंगाना एण्ड एसोसियट्स मङ्गलसेन, अछाम | | | माधव प्र.शर्मा एण्ड एसोसियट्स कोटेश्वर काठमाण्डौं | | | वि.डी भट्ट एण्ड कम्पनि धनगढी, कैलाली | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| विद्यालयको नाम | वडा | ठेगाना | विद्यालयको नाम | वडा | ठेगाना | विद्यालयको नाम | वडा | ठेगाना | विद्यालयको नाम | वडा | ठेगाना |
| श्री मंगला नेपाल राष्ट्रिय माध्यमिक विद्यालय | ९ | वलिगाँउ | श्री पार्वती माध्यमिक विद्यालय | १२ | वान्नातोलि | श्री शिशु कल्याण आरभूत विद्यालय | १३ | डाडीगडे | श्री जाल्पादेवि माध्यमिक विद्यालय | ७ | मुग्राचौर |
| श्री कालिका आधारभुत विद्यालय | १२ | विर्कु | श्री राधा माध्यमिक विद्यालय | ४ | वोगटीगाँउ | श्री कालिका माध्यमिक विद्यालय | ११ | वल्डाँडा | श्री यशोधरा माध्यमिक विद्यालय | १३ | बाडा |
| ठुलासेन सामुदायिक सिकाइ केन्द्र | ६ | ठुलासेन | श्री चिमेसाल वालविकास केन्द्र | ३ | बिबरापानी | श्री मालिका आधारभुत विद्यालय | १ | रक्तु | श्री सरस्वती आधारभुत विद्यालय | १३ | बूढासैन |
| श्री वालविकास आधारभुत विद्यालय | १४ | कालागाँउ | श्री गणेश आधारभुत विद्यालय | १२ | वान्नातोलि | श्री खाल्चौर आधारभुत विद्यालय | १३ | बस्ती | श्री बुढीगंगा वालविकास केन्द्र | १ | जैधन |
| श्री कोकिला आधारभुत विद्यालय | १२ | चिउरी | श्री पानिमुल आधारभुत विद्यालय | ४ | पानिमुल | मालिका सामुदायिक सिकाइ केन्द्र | १ | कुन्ति | श्री मालिका आधारभुत विद्यालय | ६ | ठुलासैन |
| मोतिराम सामुदायिक सिकाइ केन्द्र | १४ | कालागाँउ | श्री बालउत्थान वालविकास केन्द्र | ३ | बिरालतोली | श्री मंगलासैनी आधारभुत विद्यालय | १० | जुपु | श्री ठाडागडा वालविकास केन्द्र | १२ | खारेबाटा |

| एन.के.प्रधान एण्ड एसोसियट्स धनगढी, कैलाली | | | जि.जि.एण्ड कम्पनि धनगढी, कैलाली | | | वि.रावल एण्ड एसोसियट्स कैलाली | | | एन तिमिल्सेन एण्ड एसोसियट्स धनगढी, कैलाली | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| विद्यालयको नाम | वडा | ठेगाना | विद्यालयको नाम | वडा | ठेगाना | विद्यालयको नाम | वडा | ठेगाना | विद्यालयको नाम | वडा | ठेगाना |
| श्री शिशु सुधार माध्यमिक विद्यालय | १३ | बस्ती | श्री अन्नपुर्ण माध्यमिक विद्यालय | १४ | कालागाँउ | श्री षोडशा देवि माध्यमिक विद्यालय | ५ | मंगलसेन | श्री गंगा माध्यमिक विद्यालय | ६ | तेसिंगे |
| श्री कुन्ति माध्यमिक विद्यालय | १ | कुन्ती | श्री सरस्वती आधारभुत विद्यालय | ११ | खिमाडा | श्री शिवनिवास आधारभुत विद्यालय | ३ | तिखडा | श्री द्रेवल आधारभुत विद्यालय | ५ | भाटवाडा |
| श्री जाल्पा आधारभुत विद्यालय | १ | ढुगानी | श्री जाल्पादेवि आधारभुत विद्यालय | ८ | ग्यानेगुडी | श्री ज्ञानदिप आधारभुत विद्यालय | ३ | लाछिमना | श्री सुर्योदय आधारभुत विद्यालय | ३ | रले |
| श्री शिव आधारभुत विद्यालय | १३ | वान्नी | श्री कालिका आधारभुत विद्यालय | ८ | सुतुडा | श्री कालिका आधारभुत विद्यालय | ३ | दय | श्री खम्म आधारभुत विद्यालय | २ | मिस्तुरु |
| मंगलसेन सामुदायिक सिकाइ केन्द्र | ५ | मंगलसेन | श्री वालमन्दिर आधारभुत विद्यालय | ५ | मंगलसेन | श्री प्रगतिशिल आधारभुत विद्यालय | १ | लेस्टीगाड | श्री नवप्रभात आधारभुत विद्यालय | १४ | कालागाँउ |
| | | | श्री कालिका आधारभुत विद्यालय | १३ | खाल्डाँडा | सगराथा सामुदायिक सिकाइ केन्द्र | १२ | वान्नातोली | श्री कैलाशेश्वर आधारभुत विद्यालय | १० | लुगाँढा |
| | | | | | | | | | श्री साल्पाटा आधारभुत विद्यालय | १३ | साल्पाटा |

(मिति २०८३।०१।२६ गते लेखापरीक्षक छनोट समिति बैठक)

निर्णय नं. ३

आर्थिक वर्ष २०८२/८३ को अन्तिम लेखापरीक्षण कार्य सम्बन्धमा देहाय बमोजिम व्यवस्था गर्ने निर्णय गरियोः

- सम्बन्धित विद्यालय तथा शैक्षिक संस्थाले स्वीकृत लेखापरीक्षण फर्मसँग समन्वय गरी २०८३ साल भाद्र ३० गते भित्र अन्तिम लेखापरीक्षण कार्य अनिवार्य रूपमा सम्पन्न गराउने।
- तोकिएको समयभित्र मनासिब कारण बिना अन्तिम लेखापरीक्षण सम्पन्न नगर्ने विद्यालय तथा शैक्षिक संस्थाको प्रचलित कानुनबमोजिम उपलब्ध गराइने अनुदान तथा अन्य वित्तीय सुविधा आवश्यक प्रक्रिया पूरा नभएसम्म रोक्का गर्न शिक्षा शाखाले आवश्यक प्रक्रिया अघि बढाउने।
- स्वीकृत लेखापरीक्षण फर्मले स्वीकृति तथा कार्यविवरण प्राप्त गरेपछि यथाशीघ्र सम्बन्धित विद्यालयसँग सम्पर्क गरी लेखापरीक्षण कार्य प्रारम्भ गर्नुपर्नेछ। कुनै फर्मले समयमै सम्पर्क नगरेका कारण लेखापरीक्षण कार्य प्रभावित भएमा सम्बन्धित विद्यालयले तत्काल शिक्षा शाखामा लिखित जानकारी गराउने।
- जानकारी प्राप्त भई सम्बन्धित फर्मबाट लेखापरीक्षण कार्य सम्पन्न हुन नसक्ने अवस्था देखिएमा समितिको निर्णय वा प्रमुख प्रशासकीय अधिकृतको स्वीकृतिमा अर्को स्वीकृत लेखापरीक्षण फर्मलाई उक्त कार्य तोक्ने।

(मिति २०८३।४।२३ गते लेखापरीक्षण इकाई समिति)